खरीद गराउने बन्दोबस्त भएकाले सर्वसाधारणका जानकारीका लागी यो सूचना प्रकाश गरिएको छ। टिकट महसूलको भा. रु. मा जुन दर ठेकिएको छ या ठेकिन्छ, त्यसैको बैंक रेटले हिसाब गरेर मो.रु. मा तिर्ने हो, सो मितिउप्रान्त काठमाडौंमा हवाई टिकट भा. रु. मा खरीद गर्न बन्द गरिएको छ ।

आज्ञाले—
नीरराज,
का० मु० सेक्रेटरी–अर्थविभाग

## अर्थ [ आय ] विभागको सूचना

पत्रसंख्या १७।ठा।१ ख १३२७ ०१२।५।६।५

०११।८।१४ को संख्या १६ भाग २ को गजेटमा प्रकाशित गुपटा भिटीको नियममा विनामहसुल निकाशी पैठारी गर्न पाइने खाद्यान्नमा धान पर्न गएको नदेखिनाले १२।४।०१२ का निर्णयानुसार उपरोक्त नियमको दफा (ख) १ मा यस प्रकार संशोधन गरिएको छ।

(ख) १- चामल, च्यूरा, पिठो, दालहरू, भट्मास एक जहानलाई एक पाथीसम्म र धान दश सेरसम्म ।

आज्ञाले—
नीरराज,
का० मु० सेक्रेटरी–अर्थविभाग.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १५

मिति २०१२।५।८।४

स्वास्थ्य-विभागान्तर्गत सेन्ट्रल मेडिकलस्टोर काठमाडौंलाई एक जना सुपरिन्टेन्डेन्ट चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नं. १(२०१०) मा भरी २०१२ साल कार्तिक १६ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः—

१. पदः— सुपरिन्टेन्डेन्ट, सेन्ट्रल मेडिकलस्टोर, ननगजेटेड, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः— एल्. एम्. एफ्.

३. विशेष योग्यताः— मेडिकलस्टोरको ज्ञान भएकालाई विशेष ग्राह्यता दिइनेछ।

४. मासिक तलबको स्केलः— मो. रु. १४०।– २८०।

५. विशेष तलब वा भत्ताः— महँगी भत्ता मो.रु. २०। विशेष भत्ता मो. रु. ५०।

६. कामः— औषधी झिकाउने बाँड्ने र नगदी जिन्सीको समेत जो परिआउँछ, सवालबमोजिम गर्ने। यस स्टोरमा अरू अस्पतालसरह ड्यूटी नभएकोले परेको बखत हाजिर भई काम गर्नुपर्छ।

७. अभ्यास अवधिः— ६ महिना।

आज्ञाले:—
खड्गमान मल्ल,
सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।